पाल्हीनन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम),५ नं. प्रदेश

प. सं. : ०७४/०७५
च. नं. : ४२८

मिति: २०७४।१०।२९

*विषय: विद्यालय व्यवस्थापन समिति गठन तथा शिक्षा नियमावली-२०७४ कार्यन्वयन सम्बन्धमा ।*

श्री समुदायिक विद्यालय सबै
पाल्हीनन्दन गाउँपालिका वडा नं.१-८।६.

प्रस्तुत विषयमा स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा (२) (ज) को (७) बमोजिम आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धि नियमन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धि अधिकार स्थानिय गाउँपालिका तथा नगरपालिकालाई भएकोले यस पाल्हीनन्दन गाउँपालिका को मिति २०७४।१०।२२ गतेको पुर्ण बैठकले शिक्षा नियमावली-२०७४ पारित भई मिति २०७४।१०।२९ गते अध्यक्षज्यु बाट प्रमाणिकरण भइसकेको हुनाले तहाँको विद्यालयको विद्यालय व्यवस्थापन समिति स्वत: विघटन भएकोले शिक्षा नियमावली-२०७४ को परिच्छेद-५ को दफा २६ को उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी जानकारी गराउनु हुन तथा शिक्षा नियमावली-२०७४ पुर्ण रुपमा लागु गर्नुहुन आदेश अनुसार अनुरोध गरिन्छ ।

बोधार्थ:
१. जिल्ला शिक्षा कार्यालय, नवलपरासी
२. पाल्हीनन्दन गाउँपालिका अर्न्तगतका वडा कार्यालयहरु ।

सूचना प्रविधि शाखा website मा upload गरिदिनुहोला

बैजुप्रसादगुप्ता २०७४।१०।२९
अध्यक्ष
बैजु प्रसाद गुप्ता
अध्यक्ष

web site : www:palhinandanmun.gov.np., email:palhinandanrulmun2073@gmail.com ph. no. : 9857046036

## परिच्छेद ५

## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

२६. विद्यालय व्यवस्थापन समिति रहने : (१) यस नियमावली र अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र वाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा (मदरसाको हकमा मुस्लिम समुदायकै अभिभावक बाट अध्यक्ष नै हुनेछ । ) देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालय रहेको सम्बन्धित वडाको निर्वाचित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य - पदेन अध्यक्ष

(ख) विद्यालयका अभिभावकले स्वयम मध्येवाट चुनेको महिला र दलित सहित ३ जना - सदस्य

(ग) सम्बन्धित वडा अध्यक्षले तोकेको वडा सदस्य १ जना - सदस्य

(घ) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालय हेर्ने श्रोत व्यक्ति - सदस्य

(च) शिक्षकहरु मध्ये बाट चुनेका शिक्षक प्रतिनिधि १ जना - सदस्य

(छ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष - सदस्य

(ज) विद्यालय स्तरीय बालक्लव ले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना - स्थायी आमन्त्रित सदस्य

(झ) प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(३) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लवका प्रतिनिधी हरुले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरुलाई जिम्मेवार बनाईनेछैन ।

(४)अभिभावकको अभिलेख राख्ने : (१) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका क्रमश प्राथमिकता बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक एक घरको एक जना मात्र हुनेछ । नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्त्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडावाट प्रमाणित गराएको हुनु पर्नेछ ।

२७. व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था : (१) प्रधानाध्यापकले नियम २६. को उपनियम (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस नियम बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा शिक्षा अधिकृतले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोत व्यक्ति र स्थानीय तहको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।